**" मीठे बच्चे– बाबा आउनु भएको छ तिमीलाई कर्म-अकर्म-विकर्मको गहन गति सुनाउन । जब आत्मा र शरीर दुवै पवित्र हुन्छ न् तब कर्म अकर्म हुन्छ , पतित भएपछि विकर्म हुन जान्छ।"**

**प्रश्नः–** आत्मामा मैला जम्नुको कारण के हो? मैला जमेको छ भने त्यसको निशानी के हुन्छ?

**उत्तरः–** मैला जम्नुको कारण हो– विकार। पतित बनेपछि नै मैला जम्छ। यदि अझैसम्म मैला जमेको छ भने उनीहरूलाई पुरानो दुनियाँको आकर्षण भइरहन्छ। बुद्धि विकारतर्फ गइरहन्छ। यादमा रहन सक्दैनन्।

**ओम् शान्ति।** बच्चाहरूले यसको अर्थ त बुझिसक्यौ। ओम् शान्ति भन्ने बित्तिकै यो निश्चय हुन्छ– हामी आत्माहरू यहाँका निवासी होइनौं। हामी त शान्तिधामका निवासी हौं। हाम्रो स्वधर्म शान्ति हो, जब घरमा रहन्छौं। फेरि यहाँ आएर कुनै पार्ट खेल्छौं किनकि शरीरमा बसेर कर्म गर्नुपर्छ। कर्म हुन्छ एउटा राम्रो, अर्को नराम्रो। कर्म खराब हुन्छ रावण राज्यमा। रावण राज्यमा सबैको कर्म, विकर्म बनिसकेको छ। एउटा पनि मानिस छैन जसबाट विकर्म नभएको होस्। मनुष्यले त सम्झन्छन्– साधु संन्यासी आदिबाट त विकर्म हुन सक्दैन किनकि उनीहरू पवित्र रहन्छन्। संन्यास गरेका छन्। वास्तवमा पवित्र केलाई भनिन्छ, यो बिल्कुलै जानेका छैनन्। भन्छन् पनि, हामी पतित छौं। पतित-पावनलाई बोलाउँछन्। जबसम्म उहाँ आउनु हुन्न तबसम्म दुनियाँ पावन बन्न सक्दैन। यहाँ यो पुरानो दुनियाँ पतित छ, त्यसैले पावन दुनियाँको याद गर्छन्। जब पावन दुनियाँमा जान्छन्, पतित दुनियाँलाई याद गर्दैनन्। त्यो दुनियाँ नै अलग हो। हरेक चीज नयाँबाट फेरि पुरानो हुन्छ नि। नयाँ दुनियाँमा एक जना पनि पतित हुन सक्दैन। नयाँ दुनियाँको रचयिता हुनुहुन्छ परमपिता परमात्मा, उहाँ नै पतित-पावन हुनुहुन्छ, उहाँको रचना पनि अवश्य पावन नै हुनुपर्छ। पतित नै पावन, पावन नै पतित– यो कुरा दुनियाँमा कसैको बुद्धिमा बस्न सक्दैन। कल्प-कल्प बाबा नै आएर सम्झाउनु हुन्छ। तिमी बच्चाहरूमा पनि कति त निश्चयबुद्धि भएर फेरि संशयबुद्धि हुन्छन्। मायाले एकदम निलिदिन्छ। तिमी महारथी हौ नि। महारथीहरूलाई भाषण गर्ने बोलाउँछन्। महाराजाहरूलाई पनि सम्झाउनु छ। हामी नै पहिला पूज्य पावन थियौं, अहिले त यो हो नै पतित दुनियाँ। पावन दुनियाँमा हामी नै थियौं। हामी आदि सनातन देवी-देवता धर्मका डबल सिरताज, सम्पूर्ण निर्विकारी थियौं। महारथीहरूले त यसरी सम्झाउनु पर्छ नि। यस्तो नशाले सम्झाउनु पर्ने हुन्छ। भगवानुवाच– काम चितामाथि बसेर कालो बन्छन् फेरि ज्ञान चितामाथि बस्नाले गोरो बन्छन्। अब जसले सम्झाउँछ ऊ त काम चितामाथि बस्न सक्दैन। तर यस्ता पनि छन् जो अरूलाई सम्झाउँदा सम्झाउँदै काम चितामाथि बस्न पुग्छन्। आज सम्झाउँछ भोलि विकारमा फँस्न पुग्छ। माया धेरै शक्तिशाली छ, कुरै नसोध। अरूलाई सम्झाउने स्वयं नै काम चितामाथि बस्न पुग्छन्। फेरि पछुताउँछन्– यो के भयो? बक्सिङ् हो नि। स्त्रीलाई देख्यो अनि आकर्षित भयो, कालो मुख गरिदियो। माया ठूलो शत्रु हो। प्रतिज्ञा गरेर फेरि खस्छन् भने सयगुणा दण्ड पर्न जान्छ। ऊ त शूद्र समान पतित भयो। गाइएको पनि छ– अमृत पियो फेरि बाहिर गएर अरूलाई सताउँथ्यो। फोहोरी बन्थ्यो। ताली दुई हातले बज्छ, केवल एउटाबाट त बज्न सक्दैन। दुवै खराब हुन्छन्। फेरि कसैले त समाचार दिन्छन्, कसैले फेरि लाजको कारण समाचार नै दिंदैनन्। सम्झन्छन्– कतै ब्राह्मण कुलमा नाम बदनाम नहोस्। युद्धमा कोही हार्छन् भने त हाहाकार हुन जान्छ। अरे, यति ठूलो पहलवानलाई पनि लडाइ दियो। यसरी धेरै दुर्घटना हुन्छ। मायाले थप्पड हान्छ, धेरै ठूलो लक्ष्य छ नि।

अब तिमी बच्चाहरूले सम्झाउँछौं– जो सतोप्रधान गोरा थिए, उनै काम चितामा बस्नाले काला तमोप्रधान बनेका छन्। रामको चित्र पनि कालो बनाउँछन्। चित्र त धेरैको काला बनाउँछन्। तर मुख्यको कुरा सम्झाइन्छ। यहाँ पनि रामचन्द्रको कालो चित्र छ। उनीहरूसँग सोध्नु पर्छ– कालो किन बनाइएको हो? भनिदिन्छन्– यो त ईश्वरको भावी हो। यो त चल्दै आउँछ। किन हुन्छ, के हुन्छ– यो केही जानेका छैनन्। अब तिमीलाई बाबा सम्झाउनु हुन्छ– काम चितामा बस्नाले पतित, दु:खी, कौडी समान बन्न पुग्छौ। त्यो हो निर्विकारी दुनियाँ, यो हो विकारी दुनियाँ। यसरी सम्झाउनु पर्छ। यो सूर्यवंशी, यो चन्द्रवंशी फेरि वैश्यवंशी बन्नु नै छ। वाम मार्गमा आउनाले फेरि उनीहरू देवता कहलाउन सक्दैनन्। जगतनाथको मन्दिरमा माथि देवताहरूको कुल देखाउँछन्। ड्रेस देवताहरूको छ, क्रियाकलाप

भने अति फोहोरी देखाउँछन्। बाबाले जुन कुरामा इशारा गर्नुहुन्छ, त्यसमा ध्यान दिनु पर्छ। मन्दिरहरूमा धेरै सेवा हुन सक्छ। श्रीनाथ द्वारेमा पनि सम्झाउन सक्छौ। सोध्नुपर्छ– यिनलाई कालो किन बनाइएको हो? यो सम्झाउनु त धेरै राम्रो हो। त्यो हो गोल्डेन एज, यो हो आइरन एज। मैला जम्दै जान्छ नि। अहिले तिम्रो मैला उत्रिदै गइरहेको छ। जसले याद गर्दैन उसको मैला पनि उत्रिंदैन। धेरै मैला जमेको छ भने उसलाई पुरानो दुनियाँप्रति आकर्षण भइरहन्छ। सबैभन्दा धेरै मैला चढ्छ विकारले गर्दा। पतित पनि यसबाटै बन्छन्। आफ्नो जाँच गर्नु छ– मेरो बुद्धि विकारतर्फ त जान्दैन? राम्रा-राम्रा फस्ट क्लास बच्चाहरू पनि फेल हुन पुग्छन्। अहिले तिमी बच्चाहरूलाई यो बुद्धि मिलेको छ। मुख्य कुरा हो नै पवित्रताको। सुरुदेखि लिएर यसै विषयमा झगडा चल्दै आएको छ। बाबाले नै यो युक्ति रच्नुभयो– सबैले भन्दथे– हामी ज्ञान अमृत पिउन जान्छौं। ज्ञान अमृत छ नै ज्ञान सागरसँग। शास्त्र पढेर त कोही पतितबाट पावन बन्न सक्दैन। पावन बनेर फेरि पावन दुनियाँमा जानु छ। यहाँ पावन बनेर फेरि कहाँ जान्छौ? मानिसहरूले सम्झन्छन्– फलानाले मोक्ष पायो। उनलाई के थाहा, यदि मोक्ष पाएको भए फेरि उसको क्रियाकर्म आदि पनि गर्न सक्दैनौ। यहाँ ज्योति आदि बाल्छौ ताकि उनलाई कुनै कष्ट नहोस्, अँध्यारोमा ठक्कर नखाऊन्। आत्माले त एउटा शरीर छोडेर गएर अर्को लिन्छ, एक सेकेण्डको कुरा हो। अँध्यारो फेरि कहाँबाट आयो? यो चलन चल्दै आएको छ। तिमीले पनि गर्थ्यौ, अब केही गर्दैनौ। तिमीलाई थाहा छ– शरीर त माटो भइसक्यो। त्यहाँ यस्तो रसम रिवाज हुँदैन। आजकल रिद्धि सिद्धिको कुरामा केही छैन। मानौं, कसैको पंख आउँछ भने उड्न लाग्छन्– फेरि के त्यसबाट फाइदा मिल्छ? बाबा त भन्नुहुन्छ– मलाई याद गर्यौ भने विकर्म विनाश हुन्छ। यो योग अग्नि हो, जसद्वारा पतितबाट पावन बन्छौ। ज्ञानबाट धन मिल्छ। योगबाट सदा स्वस्थ, पवित्र र ज्ञानबाट सदा धनवान बन्छौ। योगीको आयु लामो हुन्छ, भोगीको कम। कृष्णलाई योगेश्वर भनिन्छ। ईश्वरको यादले कृष्ण बनेका हुन्। उनलाई स्वर्गमा योगेश्वर भनिदैन। उनी त राजकुमार हुन्। विगत जन्ममा यस्तो कर्म गरेका थिए, जसबाट यस्ता बनेका हुन्। कर्म-अकर्म-विकर्मको गति बाबाले सम्झाउनु भएको छ। आधाकल्प हो रामराज्य, आधाकल्प हो रावण राज्य। विकारमा जानु– यो हो सबैभन्दा ठूलो पाप। सबै भाइ-बहिनी हौ नि। आत्माहरू सबै भाइ-भाइ हुन्। भगवानको सन्तान भएर फेरि पाप कर्म कसरी गर्न सक्छन्? हामी बी.के. विकारमा जान सक्दैनौं। यो युक्तिबाट नै पवित्र रहन सक्छौं। तिमीलाई थाहा छ– अब रावण राज्य समाप्त हुन्छ अनि हरेक आत्मा पवित्र बन्छ। त्यसलाई भनिन्छ– घर घरमा उज्यालो। तिम्रो ज्योति बलेको छ। ज्ञानको तेस्रो नेत्र मिलेको छ। सत्ययुगमा सबै पवित्र नै रहन्छन्। यो पनि तिमीले अहिले बुझ्छौ। अरूलाई बुझाउने शक्ति बच्चाहरूमा नम्बरवार रहन्छ। नम्बरवार यादमा रहन्छन्। राजधानी कसरी स्थापना हुन्छ, कसैको बुद्धिमा यो कुरा छैन। तिमी सेना हौ नि। जानेका छौ– यादको बलबाट पवित्र बनेर हामी राजा-रानी बनिरहेका छौं। फेरि अर्को जन्ममा सुनको चम्चाले खान्छौं। ठूलो परीक्षा पास गर्नेले पद पनि उच्च पाउँछन्। फरक पर्छ नि, जति पढाइ त्यति नै सुख। यो कुरा त भगवानले पढाउनु हुन्छ। यो नशा चढेको हुनुपर्छ। तागतको माल मिल्छ। भगवानले सिवाय यस्तो भगवान-भगवती कसले बनाउँछ? तिमी अहिले पतितबाट पावन बनिरहेका छौ फेरि जन्म-जन्मान्तरको लागि सुखी बन्छौ। उच्च पद पाउँछौ। पढ्दा पढ्दै फेरि फोहोरी बन्न पुग्छौ। देह अभिमानमा आउनाले फेरि ज्ञानको तेस्रो नेत्र बन्द हुन पुग्छ। माया धेरै शक्तिशाली छ। बाबा स्वयं भन्नुहुन्छ, धेरै मेहनत लाग्छ। म कति मेहनत गर्छु– ब्रह्माको तनमा आएर। तर बुझेर पनि फेरि भनिदिन्छन्, यस्तो कहीं हुन सक्छ र, शिवबाबा आएर पढाउनु हुन्छ– हामी मान्दैनौं। यो चलाखी हो। यत्तिकै भनिदिन्छन्। राजाईं त स्थापना भइ नै हाल्छ। भनिन्छ नि, सत्यको नाऊ हल्लिन्छ, तर डुब्दैन। कति विघ्न पर्छन्। अच्छा!

मीठे-मीठे सिकीलधे नूरे रत्न, श्यामबाट सुन्दर बन्ने आत्माहरूप्रति माता-पिता बापदादाको स्नेहभरि याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) योगको अग्निद्वारा विकारहरूको मैलालाई निकाल्नु छ। आफ्नो जाँच गर्नुपर्छ– मेरो बुद्धि विकारतर्फ त जाँदैन?

२) निश्चयबुद्धि बनेपछि फेरि कहिल्यै पनि कुनै कुरामा संशय गर्नु हुँदैन। विकर्महरूबाट बच्नको लागि कुनै पनि कर्म आफ्नो स्वधर्ममा स्थित भएर बाबाको यादमा रहेर गर्नु छ।

**वरदान:–** **सर्व प्राप्तिको अनुभवद्वारा शक्तिशाली बन्ने सदा सफलतामूर्त भव**

जो सर्व प्राप्तिको अनुभवीमूर्त छन् तिनै शक्तिशाली हुन्छन्, यस्ता शक्तिशाली सर्व प्राप्तिको अनुभवी आत्माहरू नै सफलतामूर्त बन्न सक्छन् किनकि अब सबै आत्माहरूले सुख शान्तिका दाता कहाँ हुनुहुन्छ भनी खोज्नेछन्। त्यसैले जब तिमीसँग सर्व शक्तिहरूको स्टक हुन्छ अनि मात्र सबैलाई सन्तुष्ट पार्न सक्छौ। जसरी विदेशमा एउटै स्टोरमा सबै कुरा प्राप्त हुन्छ, तिमी पनि त्यस्तै बन्नु छ। यस्तो होइन– सहनशक्ति छ, सामना गर्ने शक्ति छैन। सर्व शक्तिहरूको भण्डार हुनु पर्छ तब सफलतामूर्त बन्न सक्छौ।

**स्लोगन:–** मर्यादा नै ब्राह्मण जीवनको कदम हो, कदममा कदम राख्नु नै लक्ष्यको समीप पुग्नु हो।

**मातेश्वरीजीका अनमोल महावाक्य: –**

**पुरुषार्थ र प्रार ब्ध ले बनेको अनादि ड्रामा**

**मातेश्वरी :** पुरुषार्थ र प्रारव्ध दुई चिज छन्, पुरुषार्थबाट प्रारब्ध बन्छ। यो अनादि सृष्टिको चक्र घुमिरहन्छ, जो आदि सनातन भारतवासी पूज्य थिए, उनै फेरि पुजारी बनेका छन्, फेरि तिनै पुजारीहरू पुरुषार्थ गरेर पूज्य बन्नेछन्। यो उत्रने र चढ्ने अनादि ड्रामाको खेल बनेको छ।

**जिज्ञासु :** मातेश्वरीजी, मलाई पनि यो प्रश्न उठ्छ– जब यो ड्रामा यस्तो बनेको छ भने यदि माथि चढ्नु छ भने आफै चढिन्छ फेरि पुरुषार्थ गरेको फाइदा नै के भयो? जो चढ्छन् फेरि पनि गिर्छन् भने यति पुरुषार्थ नै किन गर्ने? मातेश्वरीजी, हजुरले भन्नुहुन्छ– यो ड्रामा हुबहु रिपीट हुन्छ भने के सर्वशक्तिमान परमात्माले सदा यस्तो खेललाई देखेर स्वयं थाक्नुहुन्न? जसरी ४ ऋतुहरूमा सर्दी, गर्मी आदिको फरक हुन्छ भने के यस खेलमा फरक पर्दैन?

**मातेश्वरी :** यही त खुबी हो यस ड्रामाको, हुबहु रिपीट हुन्छ र यस ड्रामामा अरू पनि खुबी छ जो रिपीट हुँदा हुँदै पनि नित्य नयाँ लाग्छ। पहिला त हामी आफैलाई पनि यो ज्ञान थिएन तर अहिले ज्ञान मिलेको छ त्यसैले जे पनि सेकेण्ड बाइ सेकेण्ड चल्छ, हुन त हुबहु कल्प पहिला जस्तै चल्छ तर जब त्यसलाई साक्षी भएर हेरिन्छ अनि नित्य नयाँ लाग्छ। अहिले सुख दु:खको पहिचान मिल्यो त्यसैले यस्तो सम्झनु हुँदैन– फेल हुनु नै छ भने फेरि पढ्नु नै किन? होइन, फेरि त यस्तो पनि सम्झिए भयो नि– खाना मिल्ने नै छ भने आफै मिल्नेछ, फेरि यति मेहनत गरेर कमाउँछन् नै किन? त्यसो त हामीले पनि देखिरहेका छौं– अब चढ्तीकलाको समय आएको छ, त्यही देवता घराना स्थापना भइरहेको छ भने किन अहिले नै त्यो सुख नलिने। जसरी हेर, कसैले जज बन्न चाहन्छ भने जब पुरुषार्थ गर्छ तब त्यस डिग्रीलाई हासिल गर्छ नि। यदि त्यसमा फेल भयो भने मेहनत नै बर्बाद हुन्छ। तर यस अविनाशी ज्ञानमा फेरि यस्तो हुँदैन, यो अविनाशी ज्ञानको अलिकति पनि विनाश हुँदैन। बरू यति पुरुषार्थ नगरेर दैवी रोयल घरानामा आएन भने पनि त्यस सत्ययुगी दैवी प्रजामा आउन सक्छ। तर पुरुषार्थ गर्नु अवश्य पर्छ किनकि पुरुषार्थबाटै प्रारब्ध बन्छ, बलिहारी पुरुषार्थको नै गायन गरिएको छ।

**" यो ईश्वरीय ज्ञान सर्व मनुष्य आत्माहरूका लागि हो "**

सबैभन्दा पहिला त आफैले एक मुख्य प्वाइन्ट ख्यालमा राख्नु पर्छ, जब यस मनुष्य सृष्टि वृक्षका बीजरूप परमात्मा हुनुहुन्छ भने उहाँ परमात्माद्वारा जुन ज्ञान प्राप्त भइरहेको छ त्यो सबै मनुष्यहरूको लागि आवश्यक छ। सबै धर्मावलम्बीहरूलाई यो ज्ञान प्राप्त गर्ने अधिकार छ। हुन त हरेक धर्मको ज्ञान आ-आफ्नै छ, हरेकको संस्कार आ-आफ्नै छ तर यो ज्ञान सबैको लागि हो। यो ज्ञानलाई लिन त सक्दैनन्, हाम्रो घरानामा पनि आउँदैनन् तर सबैका पिता भएका कारणले उहाँसँग योग लगाउनाले फेरि पनि पवित्र त अवश्य बन्छन्। यही पवित्रताको कारणले आफ्नो सेक्शनमा पद अवश्य पाउनेछन् किनकि योगलाई त सबै मनुष्यले मान्छन्, धेरै मनुष्यले यसो भन्छन्– हामीलाई पनि मुक्ति चाहिन्छ, तर सजायँबाट छुटेर मुक्त हुने शक्ति पनि यस योगद्वारा मिल्न

सक्छ। अच्छा, ओम् शान्ति।